# स्थानीय तहमा सञ्चालन गरिने महिला विकास कार्यक्रमको परिचय, उद्देश्य र कार्यान्वयन विधि

## १. परिचय

अनभिज्ञ, विपन्न, विभेदित ग्रामीण महिलाहरूको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने उद्देश्यका साथ छैठौं योजना (२०३८।३९) साल देखि सञ्चालनमा आएको महिला विकास कार्यक्रम ग्रामीण विपन्न महिलाहरूको आर्थिक-सामाजिक अवस्थामा सुधार गर्ने पहिलो उल्लेखनीय प्रयास थियो । खास गरी महिला र बालबालिकाहरुको जीवनमा परिवर्तन ल्याउन महिलाको हातमा आर्थिक स्रोत अपरिहार्य हुन्छ भन्ने मनन गरी ५ वटा जिल्लाका ५ वटा गाविसबाट महिला सशक्तीकरणको यो अभियान शुरु भई हाल परिमार्जित रुपमा विभिन्न गतिविधिहरु सहित ७७ जिल्लाका सबै स्थानीय तहमा विस्तारको क्रममा रहेको छ । शुरुमा पेवा बढाउनका लागि सहुलियतपूर्ण ऋणमा बढी जोड दिइएको थियो भने हाल आएर महिलाको वैयक्तिक, आर्थिक सामाजिक पक्षको सशक्तीकरणमा जोड दिइएको छ । आजको महिला विकास कार्यक्रम उत्पादन कर्जाको उद्देश्यभन्दा सदस्यहरुको बहुआयामिक विकासको वैकल्पिक अवसरको रुपमा सञ्चालित छ । राष्ट्रिय प्राथमिकता प्राप्त यो कार्यक्रमको रचना महिलाका लागि महिलाद्वारा नै एक अर्काको सहयोगी भएर साङ्गठनिक विकासको प्रक्रियाबाट महिला सशक्तीकरणको अभियानलाई अग्रगति दिने गरी भएको छ ।

महिला विकास कार्यक्रम वस्तुतः लैङ्गिक समानताका पक्षमा सामाजिक परिचालन हो । कार्यक्रममा प्रत्येक व्यक्ति सशक्तोग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ । हालसम्म कार्यक्रममा आवद्ध महिलाको सङ्ख्या १२ लाख नाघेको छ, जसमा दलित समुदाय र सीमान्तीकृत अन्य समुदायका महिलाको सहभागिता पनि उल्लेखनीय रहेको छ । कार्यक्रममा विपन्न महिलालाई नै परिवर्तनका मुख्य संवाहक मानिएको छ । कार्यक्रमका सहभागी महिलाको वैयक्तिक, आर्थिक र सामाजिक सशक्तीकरणको न्यूनतम स्तरका साथै निकटवर्ती सूचकहरू निर्धारण गरिएका छन् । सशक्तीकरणको जुनसुकै अवसर उपयोग गर्ने गरी कार्यान्वयनमा लक्षित महिलालाई नै संलग्न गराउने विधिहरू अपनाइएका छन् । कार्यक्रमअन्तर्गत प्रवर्धित छिमेकी समूह सामाजिक पुँजीको सिर्जनामा, वडाका एकाइ सहभागिताको मञ्चको रूपमा र गाविसका संस्था परिवर्तनको शक्तिका रूपमा अत्यन्त प्रभावकारी देखिएका छन् । सामूहिक गतिशीलतालाई बढवा दिन समूह सदस्यहरूको व्यक्तित्व विकास गर्ने गरी अनुशिक्षणका साथै समविकास, आधारभूत, नेतृत्व तथा संस्थागत विकासलगायतका प्रशिक्षण दिने गरिएको छ । अनुशिक्षण प्रत्येक समूह सदस्यलाई अनिवार्यजस्तै छ भने थप प्रशिक्षण आवश्यकता र नयाँ ज्ञानको बाँडीचुँडी हुन्छ भन्ने अनुमानमा आधारित छन् ।

विपन्न महिलालाई तत्काल आर्थिक सुरक्षाको प्रत्याभूति दिन र अन्ततः जेथा जोड्न सघाउन कार्यक्रमको अभिन्न भागको रूपमा समूह बचत परिचालनलाई लिइएको छ । कार्यकममा आबद्ध महिलाहरूको सामूहिक बचत रु. ६ अर्ब बढी पुगेको छ । बचत गर्ने बानीसँगै प्रायः जागृत हुने आर्थिक आत्मनिर्भरता र व्यावसायिकताको भावनालाई कार्यक्रमअन्तर्गत प्रोत्साहन दिने गरिएको छ । खास गरी विपन्नतम सदस्यहरूमा केन्द्रित भएर उनीहरूले नै पहिचान गरेको अर्थोपार्जनको अवसर उपयोग गर्न सीप तथा व्यावसायिकता प्रशिक्षण, बजार सम्बन्धन र न्यूनतम स्तरमा व्यवसाय प्रारम्भ गर्न चाहिने अनुदानसहित व्यावसायिक समूह विकासतर्फका क्रियाकलाप सञ्चालित छन्, जसबाट कृषि तथा गैरकृषि क्षेत्रमा व्यावसायिक समूह अग्रसर भई स्वरोजगारीका व्यवसायबाट उल्लेखनीय आम्दानी गर्न सफल भएका छन् । ग्रामीण ऋणग्रस्तता घटाउन समूह बचत परिचालनबाट त्यत्तिकै योगदान पुगेको छ ।

शिक्षाको अवसरबाट वञ्चितका लागि वैकल्पिक विद्यालयको रुपमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अवसर मात्र नभएर जीवनमा नजानेका कुरा जान्ने मौका, केही आँट गर्नेहरुका लागि थाल्ने मौका र चित्त नबुझेको अवस्थामा नेतृत्व लिई अघि सर्ने मौका प्राप्त गर्न यो कार्यक्रम महत्वपूर्ण रही आएको छ । त्यसैले जहाँ महिला विकास कार्यक्रम हुन्छ त्यहाँ विपन्न महिलाले कुनै अवसर पाइएन भनेर निरास हुनुपर्ने अवस्था हुँदैन ।

सामाजिक लिङ्गभेदका कारण घटिरहेका हिंसाका घटनाको निगरानी, प्रतिकार र प्रभावितको मद्दतमा हालसम्म गठिन २०९६ महिला सहकारी संस्था र सो अर्न्तगत बनेका २६१९६ गाउँ समिति, ११५९६ निगरानी समूहहरु (करिब ७० हजारको हाराहारी रहेका लैङ्गिक हिंसा निगरानी समूहको त्यत्तिकै सराहनीय सक्रियता छ । प्रजनन स्वास्थ्यमा मागपक्षीय जागरुकताका मुख्य बिन्दुहरू पनि क्रमशः महिला समितिहरू नै बनिरहेका छन् । सङ्कटापन्न बालबालिका, विद्यालयविमुख किशोरी, मुक्त कमलरी लक्षित क्रियाकलापसमेत महिला संस्थाहरूबाटै एकीकृत रूपमा सञ्चालन गर्दा प्रभावकारी भैरहेका छन् । कार्यक्रमअन्तर्गत त्यस प्रकारका रचनात्मक अग्रसरतामा समेत सहयोग गरिएको छ । समग्रमा महिला विकास कार्यक्रम विपन्न महिलाका लागि हुँदाहुँदै विपन्न महिलाले गर्ने अभियानको रूपमा विकसित भैरहेको छ ।

## २. लक्षित समूह

महिला विकास कार्यक्रम खासमा ग्रामीण क्षेत्रका विपन्न महिलाहरुका लागि हो । ग्रामीण भन्नाले नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाका मोफसत्त पनि जानिन्छ र त्यस्तै, 'विपन्न महिला' भन्नाले देहायको कुनै एक वा दुवै अवस्थाका महिलालाई जनाउँछ :

(क) आफ्नो जग्गा जमीन वा नियमित आम्दानीबाट वर्षदिन खान नपुग्ने आर्थिक रुपमा बन्चित र

(ख) विद्यालयतहसम्मको शिक्षा पूरा गर्न नपाएका  शैक्षिक रुपमा बञ्चित ।

उल्लिखित एक वा दुवै अर्थमा वञ्चित ग्रामीण क्षेत्रका २० वर्ष माथिका विपन्न महिलाहरुतर्फ  महिला विकास कार्यक्रम लक्षित छ, जुन राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्क अनुसार पुगनपुग ५१ लाख ९६ हजार देखिएको छ ।  समाजमा व्याप्त पितृसत्तात्मक सोचका कारण सिर्जित विभेद, अभाव र निराशामा बाँची रहेको महिलाको अवस्थाबाट समानता, सम्पन्नता र उत्साहको अवस्थामा कसरी पुऱ्याउने भन्ने चिन्ताको विषय हो । महिला विकास कार्यक्रम प्रत्येक विपन्न महिलाको जीवनमा सकारात्मक परिवर्तनका लागि केन्द्रित रही आएकोछ ।

## ३.कार्यक्रमको सञ्चालक विचार

### परिकल्पना

महिला विकास कार्यक्रमको परिकल्पना समतामय सम्पन्न समुदाय निर्माण गर्ने रहेको छ ।

### ध्येय

'सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ' महिला विकास कार्यक्रमको ध्येय हो ।

अर्थात् विपन्नताकै अवस्थामा पनि महिलामा रहेको अभिकार्यलाई सार्थक बनाउँदै किनारामा रहेको अवस्थाबाट मूलप्रवाहमा पुग्न सदस्यहरुको गतिशिलतालाई बढवा दिने ध्येय कार्यक्रमको छ । विपन्न


महिलाहरु पनि आफू र आफूजस्ता अरुको जीवन परिवर्तनका लागि अग्रसर बनी उपलब्धी हासिल गर्न सक्षम छन् भन्ने मानिएको छ ।

### मूल्य

परिकल्पनालाई साकार पार्न स्वावलम्बन, एकता, सहभागिता, समता, इमान, स्थानीयता, छर्लङ्गता, भूलसहनशीलताजस्ता मुल्यहरुमा विश्वास गरी कार्यक्रमलाई अगाडि बढाइएको छ ।

## ४. कार्यक्रमको उद्देश्य, आयाम तथा प्राथमिकता

गाँउ, बस्ती र स्थानीय तहको वडास्तरमा सङ्गठित मात्र गर्ने नभई कार्यक्रममा आबद्ध प्रत्येक सदस्यको जीवनमा सार्थक परिवर्तनका लागि कार्यक्रमका तीनवटा आयाम र पाँचवटा प्राथमिकता निर्धारण गरिएका छन् ।




यी पाँचवटा प्राथमिकताका क्षेत्रमा लक्षित महिलाको सशक्तीकरणको न्यूनतम स्तर हासिल गर्नु नै कार्यक्रमको उद्देश्य रहेको छ । सशक्तीकरणको न्यूनतम स्तर देहायबमोजिम परिभाषित गरिएको छ :

- **लैङ्गिक समता :** महिला विरुद्ध लगाइएका सम्पूर्ण अवान्छित छेकबारजन्य चलनको सबैले अवज्ञा गरिएको, महिलाका व्यावहारिक लैङ्गिक आवश्यकताको संवोधन भएको, घरपरिवार तथा समुदायमा सकारात्मक कार्य (Affirmative Actions) लाई बढवा दिइएको अवस्था सिर्जना गर्ने ।
- **प्रजनन स्वस्थता :** समूह सदस्य सबैलाई प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान भएको, आफ्ना समस्या बताउने अनि उपचार गराउने तत्परता रहेको र पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलताबाट उपचार प्राप्तिमा सहयोग पुऱ्याई प्रजनन स्वास्थ्यको समस्या समाधान गर्ने ।
- **जीवनोपयोगी शिक्षा :** सबै विपन्न दिदी-बहिनीहरुले आफूलाई व्यक्त गर्ने अर्थात् आफूमा अन्तरनिहीत क्षमताको उजागर गर्ने, अर्काका कुरा सहि वा गलत के छ ? परख गरी छुट्याउन सक्ने, र विभिन्न परिस्थितिमा आफैं निर्णय लिने आत्मविश्वास बढाउने ।

- **पुगीसरी सम्पन्नता :** सबै सदस्यहरुको वर्षैभरि खान पुग्ने आयस्रोत हुने, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत हुने र विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत भएको अवस्थामा पुऱ्याउने ।
- **संस्थागत सहभागिता :** कहाँ के भैरहेको छ जानकारी लिन, बुझ्न बाहिरी सञ्चार कायम भएको, घर परिवारबाट समूह हुँदै वडा भरिका दिदी-बहिनीहरुसँगको विस्तारित साथ बनेको, सदस्यहरुले आवश्यकताअनुसार कहिले नेतृत्व लिने वा कहिले अनुयायित्व (Followership) बहन गर्दै नेतृत्वलाई घच्घच्याउने क्रियाशिलतासहित प्रत्येक विपन्न सदस्यले सामुदायिक सङ्गठनको सदस्यता प्राप्त गर्न सक्षम हुने परिपाटी बसाल्ने ।

यसरी लक्षित विपन्न महिलाले कम्तीमा पनि माथि उल्लिखित अवस्था प्राप्त गरेमा मात्र सशक्तीकरणको न्यूनतमस्तर हासिल भएको मानिनेछ । यसका लागि सहभागी महिलाको संङ्गठित अग्रसरता अपरिहार्य छ । अर्थात् सदस्यहरुको सामूहिक प्रयासबाट नै सशक्तीकरणको न्यूनतमस्तर हासिल हुन्छ भन्ने विश्वास गरिएको छ ।

## ४. कार्यान्वयन विधि

महिला विकास कार्यक्रम लक्षित महिलालाई राहत वितरण गर्न वा फगत कल्याणकारी कार्य गर्ने हेतुको होइन । यो त सदस्यहरुलाई अग्रसर हुने मौका दिने कार्यक्रम हो । हरेक सदस्यलाई आफ्नो र आफूजस्ता अरुको जीवनमा परिवर्तनका लागि आफै सोच्न, सिक्न र अघि सर्न घच्घच्याउने कार्यक्रम हो । कार्यक्रमको सफलता पनि सदस्यहरुको सक्रियता र अग्रसरतामा नै भर पर्दछ । सदस्यको सक्रियताविना वा सदस्यलाई उछिनेर कार्यक्रमका सहजकर्ता अगाडी जाँदैनन् ।

महिला विकासमा के गरिन्छ ? जे गरिन्छ त्यसको क्रम कस्तो हुन्छ ? अनि जस्तो क्रम हुन्छ क्रमशः कसरी हुन्छ ? उत्तरमा नयाँ कार्यक्षेत्रको उदाहरण लिएर भन्न सकिन्छ ।[१] एकैपल्ट पालिका वडाका सबै बस्ती ढाक्ने गरी महिला विकासका सबैथरी क्रियाकलाप लग्नु न व्यवहारतः सजिलो छ, न त दिगोपनाका लागि उपयुक्त नै । त्यसर्थ पहिलो वर्ष एउटा बस्तीबाट कार्यक्रम शुरु गरिन्छ । यसका लागि पालिकाको बैठकबाट निर्णय भएको कार्यक्षेत्रमा वडास्तरीय परामर्श बैठक राखि विपन्नताको अवस्था बढी भएको बस्तीमा कार्यक्रम केन्द्रीत गरिन्छ । छनौट भएको वडाका विपन्न बस्तीका दिदी-बहिनीहरुलाई सर्वप्रथम ४ देखि ७ जना सम्मको समूहमा सङ्गठित गरी यस्ता कम्तीमा ६ वटा समूह भएपछि गाउँस्तरीय समिति गठन गरिन्छ । समिति गठनका साथ साथै समूहमा आवद्ध सबै सदस्यहरुका लागि कार्यालयबाट अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्दछ । समूहको छुट्टै र गाउँ समितिका सबै सदस्यको छुट्टै महिनामा कम्तीमा एक-एक पटक बैठक बसी आफ्ना समस्या र समाधानका उपायका बारेमा सोच्ने र सल्लाह गर्ने परिपाटि बसालिन्छ । सबै सदस्यहरुलाई आफ्नो क्षमता अनुसार मासिक रुपमा नियमित बचत गर्ने, सो बचतको परिचालन गर्ने कार्य पनि साथसाथै भैरहेको हुन्छ । यस बीचमा कार्यालयबाट पटक-पटक साथ सम्पर्क गरी सदस्यहरुलाई बैठक सञ्चालन र बचत परिचालन लगायतका क्रियाकलाप के कसरी गर्ने भन्ने बारेमा सहजीकरण गरिन्छ ।

दोस्रो वर्ष पहिलो बस्तीको समितिको समेत सहयोग लिई दोस्रो बस्तीमा कार्यक्रम विस्तार गरिन्छ । पूर्ववत् समूह गठन, समिति गठन, समूह सदस्यको अनुशिक्षण, समूह, समितिको मासिक बैठक सञ्चालन, बचत परिचालन, साथ सम्पर्क र समूह कार्यमा सहजीकरण गरिन्छ । पहिलो वर्षको बस्तीको गाउँ समितिमा समूह

---

[१] बस्ती भन्नले गाँउपालिकाको हकमा साबिकको गाविस वा नगरपालिकाको वडा वा त्यस्तै मिल्दोजुल्दो फैलाउ भएको ग्राम, टोल वा निश्चित भौगोलिक एकाइको बसोबास सम्झन सकिन्छ ।

गतिशीलताअनुसार बीउपुँजी परिचालन, महिला-पुरुष समविकास तालिम, आधारभूत तालिम, साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन लगायतका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

तेस्रो वर्ष तेस्रो बस्तीमा कार्यक्षेत्र विस्तार गर्नु पर्दछ, जस अनुसार नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप गर्ने, दोस्रो वर्षको बस्तीमा दोस्रो वर्षका क्रियाकलाप गर्ने र साथै पहिलो वर्षको बस्तीसँगसँगै दोस्रो वर्षको अनि नयाँ बस्तीसमेत सगोलमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप (जस्तै– नेतृत्व तथा संस्थागत विकास तालिम, प्रजनन स्वास्थ्य सचेतना तालिम, रेखाङ्कन अभ्यास) सञ्चालन गर्न सकिन्छ । त्यसैगरी कुनै एक गाउँ समितिमा व्यावसायिक समूह विकासका क्रियाकलाप लैजानुका साथै साथ सम्पर्क र समूह कार्यमा स्रोत सेवा निरन्तर जारी राख्नु पर्दछ ।

चौथो वर्ष थप नयाँ बस्ती विस्तार सँगै अग्रणी बस्तीहरुसमेतको सहयोगमा कम्तीमा पाँचवटा बस्तीमा कार्यक्षेत्र विस्तार भई सदस्यहरुको सक्रियतामा संस्था गठनको पहल हुन सक्छ । समूह विकासको क्रम हेरी चौथो वर्ष वा सो भन्दा पछि कम्तीमा पाँचवटा बस्तीमा कार्यक्रम फैलिएपछि पालिकाको वडाभरि कार्यक्षेत्र राखेर संस्था गठन गर्न सकिन्छ । यस चरणमा वडास्तरमा महिला संस्था गठन, अंशधन (Share Capital) परिचालन र महिला संस्थाको रणनीति-पत्र तर्जुमा गरेर रणनीतिक प्राथमिकताका क्रियाकलाप सञ्चालन गरिनेछन् । कार्यालयको नियमित साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा जारी रहन्छ । त्यसपछि बाँकी बस्ती ढाक्ने लक्ष्य कार्यालयको समर्थनमा यथासमय संस्थाबाटै पूरा हुनेछ ।

यसरी कम्तीमा पनि चारवर्षको निरन्तर प्रयास विना हतारमा संस्था गठन गर्नु ठीक हुँदैन किनभने तीव्र गतिकोभन्दा स्वाभाविक गतिको सामाजिक परिचालन नै प्रभावकारी देखिएको छ । एक त, द्रुततर समूहीकरणले निष्क्रिय सदस्य बढाउँछ । कारण 'छुटिहालिन्छ कि' भनेर सदस्य बन्ने अनि तत्कालै फाइदा नमिल्दा व्यर्थ मान्ने आम प्रवृत्ति देखिएको छ । दोस्रो, महिला विकासमा लक्षित समूहको सक्रियताले लैङ्गिक छेकबार छिचोल्नुपर्ने हुन्छ । पारिवारिक होस् वा सामाजिक, बन्धन हत्तपत्त फुक्दैन ।

त्यस्तै, सङ्गठन विकास आवश्यकीय रूपमा समय-खर्चिलो हुन्छ । किनभने त्यसका लागि नेतृत्वसँगै अनुयायित्व (Followership) को विकास हुनुपर्दछ र एक दौरानको कार्यगत सिकाइ (Action Learning) पनि चाहिन्छ ।

जे होस्, एकातर्फ व्यावहारिक कठिनाइ र अर्कातर्फ साङ्गठनिक आवश्यकताको विचार गर्दा नयाँ वडाको कार्यक्षेत्रमा सामाजिक परिचालन चार वर्षजतिको अवधिमा सम्पन्न गर्ने लक्ष्य मुनासिब देखिन्छ । त्यस बीच बस्ती विस्तार र क्रियाकलापको क्रमलाई विभिन्न चरणमा लिन सकिन्छ । एउटा पालिका वडामा कार्यक्रम शुरु तथा विस्तारको प्रसारयोजनालाई निम्न तालिकाबाट पनि प्रष्ट पार्न सकिन्छ ।

**स्थानीय तहको पालिका वडाअन्तर्गत प्रसार योजना**

| वर्ष | बस्ती विस्तार | क्रियाकलाप श्रृङ्खला |
|---|---|---|
| पहिलो | १ | • वडास्तरीय परामर्श बैठक<br>• समूह गठन<br>• **समिति** गठन<br>• समूह सदस्यको अनुशिक्षण<br>• समूह, **समिति**को मासिक बैठक सञ्चालन<br>• बचत परिचालन<br>• साथ सम्पर्क र समूह कार्यमा सहजीकरण |

| | | |
|---|---|---|
| दोस्रो | १+१ | • नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप<br>• पहिलो वर्षको वस्तीमा समूह गतिशीलताअनुसार :<br>– बीउपुँजी परिचालन<br>– महिला-पुरुष सशक्तीकरण सहकार्य तालिम<br>– आधारभूत तालिम<br>• साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन |
| तेस्रो | १+१+समूह गतिशीलताअनुसार ०/१/२ | • नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप<br>• दोस्रो वर्षको बस्तीमा सँगसँगै दोस्रो वर्षको अनि नयाँ बस्ती समेत सगोलमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप<br>– नेतृत्व तथा संस्थागत विकास तालिम<br>– प्रजनन स्वास्थ्य सचेतना तालिम<br>– रेखाङ्कन अभ्यास<br>• कुनै एक बस्तीमा व्यावसायिक समूह विकास<br>• साथ सम्पर्क र समूह कार्यमा स्रोत सेवा |
| चौथो वा त्यसपछि | १+१+०/१/२ + समूह गतिशीलता अनुसार ०/१/२ ≥ ५ | • पालिकाको वडास्तरमा महिला संस्था गठन<br>• अंशधन (Share Capital) परिचालन<br>• महिला संस्थाको रणनीति-पत्र तर्जुमा<br>• रणनीतिक प्राथमिकताका क्रियाकलाप<br>• साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा |

## ५. कार्यक्रमको सोच

शुरुमा समूहमा आवद्ध दिदी बहिनीहरुका लागि भोलिको सोच के हो ? समूह बनाएर, बचत गरेर, बैठक बसेर के गर्न खोजिएको हो त ? प्रश्न उठ्नु स्वभाविक छ । एउटा बस्तीबाट शुरु गरिएको कार्यक्रम अन्तर्गत कार्यालयको सहजीकरण र निरन्तर प्रयासबाट लक्षित महिलालाई गोलबन्द गर्दै पालिकाको वडास्तरमा सहकारी संस्थाको रुपमा दर्ता गरिन्छ । संस्था दर्ता गर्नु मात्र उपति भने होइन । यस्तो संस्था सदस्यको जीवनमा सार्थक परिवर्तन ल्याउन सक्षम पनि हुनु पर्दछ । त्यसैले आजका दिनमा सदस्यहरुले गरेको प्रयासबाट भोलिका दिनमा पालिकाको प्रत्येक वडामा लैङ्गिक समताको ध्वजावाहक महिला संस्था निर्माण हुने विश्वास गरिएकोछ, जुन सातवटा विशेषतायुक्त हुनुपर्दछ ।

- **सदस्यको अर्थोपार्जनमा सहयोगी** : विपन्नताको अवस्थाबाट पार लगाउने गरी प्रत्येक विपन्न सदस्यको अर्थोपार्जनमा संस्थाले सहयोग पुऱ्याएको हुनेछ । सदस्यहरुका लागि संभाव्य व्यवसाय पहिल्याई प्रत्येकलाई कुनै न कुनै व्यवसाय गर्न समूहबाटै प्रेरित गरिएको हुनेछ । कोही विपन्न भएर बस्नु पर्ने छैन । कसैका छोरा छोरी भोकै हुने छैनन् । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरु प्राप्तिका लागि कसैको मुख ताक्नु पर्ने छैन ।

- **व्यावसायिक मानकहरूको प्रवर्तक** : सदस्यहरुका उत्पादनको व्यवसायीकरणका लागि गुणस्तर कायम गर्नु अपरिहार्य हुन्छ । त्यसैले इमान्दारी, नैतिकता, भाखा जस्ता व्यावसायिक मानकहरुको जगेर्नामा

सबैको विश्वास हुनु पर्दछ । कसैले छलकपट वा मिसावट गरेमा व्यवसाय चौपट हुने हुँदा सामाजिक जाँच तथा नियन्त्रणको परिपाटी संस्थाले बसाल्नु पर्दछ । बजारको नियम अनुसार पनि मान्छे होइन माल नै बोल्नु पर्दछ अर्थात् गुणस्तरीय सामान मात्र हातहातै बिक्री हुन्छ । त्यसैले सामूहिक प्रयासमा टिकेको व्यवसायमा कुनै एकले गरेको छलीले सबैलाई असर गर्न सक्ने कुराको रखवारी संस्थाले गर्नु पर्दछ ।

- **स्वावलम्बनको पर्यायवाची :** प्रत्येक सदस्यलाई स्वाबलम्बी बनाउन संस्था आफ्नै खुट्टामा उभिएको हुनुपर्दछ । अर्काका स्रोतमा टिकेको नभई सदस्यको स्रोतमा संस्था टिक्नु पर्दछ । किनभने संस्था भन्नु नै सदस्य हो । अर्काको स्रोतमा टिकेको संस्थालाई व्यवस्थापकीय स्वन्तन्त्रता नहुनुका साथ साथै वित्तीय दवाव पनि पर्दछ । सदस्यहरुको प्राथमिकता क्षेत्रमा काम गर्ने स्वतन्त्रता नहुने र अर्काले स्रोत जुनसुकै बेला फिर्तामाग्न सक्ने हुनाले संस्था जहिले सुकै जोखिममा रहेको हुन्छ । त्यसैले सहकारिताको मर्म अनुसार सकभर सदस्यको स्रोत सिर्जनामा जोड दिने र बाह्य स्रोत लिनुपर्दा निशर्त स्रोतहरुको परिचालनमा ध्यान पुऱ्याउनु पर्दछ ।
- **सामाजिक परिवर्तनको शक्ति :** लैङ्गिक विभेदको अन्त्य, समाजमा व्याप्त कुरितिहरु (जस्तै– दाइजो, बोक्सी, छाउपडी, जातीय विभेद, बालविवाह, बहुविवाह, अनमेल विवाह) का विरुद्ध समुदाय नै एकजुट हुनु पर्दछ । त्यसैले लैङ्गिक समानता ल्याउने, समावेशीकरणको भावना बढाउने, कुरीतिजन्य परम्पराको अन्त्यका लागि संस्था लागिपरेको हुनेछ ।
- **महिला सुरक्षाको पहरेदार** : छिमेकी हस्तक्षेपका माध्यमबाट महिला माथि हुने सबै प्रकारका हिंसाबाट सुरक्षाको रखवारी महिला संस्थाले गर्नु पर्दछ । कार्यक्षेत्रमा घरेलु हिंसाको निवारण, मानवबेचविखनको अन्त्य र प्रभावितका लागि सहयोग जुटाउने कार्यमा संस्थाले नेतृत्वदायी भूमिका खेलेको हुनेछ ।
- **सहकारी सिद्धान्तको परिपालक** : संस्थाले सहकारिताका सातै सिद्धान्तको पालना गरेको हुनेछ । विपन्नतम सदस्यको भूमिका बढाउन प्राथमिकता दिनेछ र छद्मवेशी लक्षणबाट मुक्तिमा जोड दिएको हुनेछ ।
- **सहभागिताको सुगम मञ्च** : महिला समितिको पूर्ण बैठक नै सहभागिताको सुगम मञ्च हो । त्यसैले समूह समितिको व्यवस्था, सबै समूह सदस्यलाई समितिको बैठकमा बोलाउने चलन र नेतृत्व मात्र नभई अनुयायित्व विकासमा समेत संस्थाले जोड दिएको हुनेछ ।

यसरी हरेक पालिका वडामा गठन हुने महिला संस्था उल्लिखित सातै सूचकमा अब्बल हुन सकेमा महिला विकास कार्यक्रमले परिकल्पना गरेजस्तो समतामय सम्पन्न समुदाय क्रमशः बन्दछ भन्ने अनुभवबाटै देखिएको छ ।

महिला विकास कार्यक्रम वस्तुतः लैङ्गिक समानताका पक्षमा सामाजिक परिचालन हो । कार्यक्रममा प्रत्येक व्यक्ति सशक्तोग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ ।

हालसम्म कार्यक्रममा आवद्ध महिलाको सङ्ख्या १२ लाख नाघेको छ । दलित समुदाय र सीमान्तीकृत अन्य समुदायका महिलाको सहभागिता पनि उल्लेखनीय रहेको छ । विपन्न महिलालाई नै परिवर्तनका मुख्य संवाहक मानिएको छ । कार्यक्रमअन्तर्गत प्रवर्धित छिमेकी समूह सामाजिक पुँजीको सिर्जनामा, बस्तीका महिला एकाइ सहभागिताका मञ्चको रूपमा र पालिकाका वडामा रहेका संस्था सामाजिक परिवर्तनको शक्तिका रूपमा अत्यन्त प्रभावकारी देखिएका छन् । समूह गठन र परिचालन सामूहिक गतिशीलतालाई बढवा दिन समूह सदस्यहरूको व्यक्तित्व विकास गर्ने गरी अनुशिक्षणका साथै समविकास, आधारभूत, नेतृत्व तथा संस्थागत विकास तालिम लगायतका प्रशिक्षण दिने गरिएको छ ।

विपन्न महिलालाई तत्काल आर्थिक सुरक्षाको प्रत्याभूति दिन र अन्ततः जेथा जोड्न सघाउन कार्यक्रमको अभिन्न भागको रूपमा समूह बचत परिचालनलाई लिइएको छ । अनुशिक्षण प्रत्येक समूह सदस्यलाई अनिवार्यजस्तै छ भने थप प्रशिक्षण आवश्यकता र नयाँ ज्ञानको बाँडीचुँडी हुन्छ भन्ने अनुमानमा आधारित छन् । बचत गर्ने बानीसँगै प्रायः जागृत हुने आर्थिक आत्मनिर्भरता र व्यावसायिकताको भावनालाई कार्यक्रमअन्तर्गत प्रोत्साहन दिने गरिएको छ । खास गरी विपन्नतम सदस्यहरूमा केन्द्रित भएर उनीहरूले नै पहिचान गरेको अर्थोपार्जनको अवसर उपयोग गर्न सीप तथा व्यावसायिकता प्रशिक्षण, बजार सम्बन्धन र न्यूनतम स्तरमा व्यवसाय प्रारम्भ गर्न चाहिने अनुदान सहित व्यावसायिक समूह विकासतर्फका क्रियाकलाप सञ्चालित छन्, जसबाट कृषि तथा गैरकृषि क्षेत्रमा व्यावसायिक समूह अग्रसर भई आम्दानी गर्न सफल भएका छन् । विगत ३७ वर्षदेखि संचालनमा रहेको  महिला विकास कार्यक्रम विभिन्न अध्ययन अनुसन्धानहरुवाट सफल कार्यक्रमको रुपमा मानिँदै आएको छ ।

महिला विकास कार्यक्रममा विपन्न महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणको न्यूनतमस्तर हासिल गर्नका लागि तपसिल अनुसारका सम्भाग र अन्तर्गतका विभिन्न क्रियाकलाप पहिल्याउन सकिन्छ :-

- **लक्षित समूह सहभागिता र व्यक्तित्व विकास प्रशिक्षण** (समूह गठन, समिति गठन र नियमित बैठक, बचत परिचालन, निगरानी समूह समेत अनुशिक्षण, आधारभूत, नेतृत्व तथा संस्थागत विकास तालिम आदि)

- **संस्थागत विकास** (सस्था गठन र दर्ता, अवस्था विश्लेषण, रणनीतिपत्र तर्जुमा, रेखांकन भ्रमण, बीउपुंजी परिचालन, महिला संस्थामाफ चौमासिक अन्तरक्रिया, समीक्षा, सिकाइ, भवन निर्माण र रणनीतिक प्राथमिकताका कियाकलाप सञ्चालन)

- **व्यवसायिक समूह विकास**  (व्यवसाय छनौट, सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च, अध्ययन डेरा, बहुउपयोगी अनुदान, बजार सम्बन्धन एवं मूल्य सिकी विकासका क्रियाकलाप सञ्चालन)

- **विद्यालय विमुख किशोरीको बहुआयामिक विकास** (लक्षित किशोरीलाई जीवनोपयोगी तालिम, किशोरी सूचना तथा परामर्श केन्द्र, महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, व्यावसायिक किशोरी समूह विकास, किशोरीलाई सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च अनुदान, स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, अन्तरसमूह रेखाङ्कन भ्रमण, किशोरी समूहका अध्यक्ष र सचिवमाफ चौमासिक अन्तरक्रिया)

- **लैङ्गिक हिंसा निवारण तथा सामाजिक व्यवहार परिवर्तन** (घरेलु हिंसाबाट प्रभावित महिलाका लागि सुरक्षित अल्पकालीन आश्रयसहित सेवा केन्द्र सञ्चालन, जिल्ला सेवा केन्द्र/सामुदायिक सेवा केन्द्र, लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम), **छाउपडी प्रथाविरुद्ध सामाजिक जागरण, अभिभावक, शिक्षक/शिक्षिकाहरू तथा सामुदायिक अग्रवाहरूका लागि लैङ्गिक संवेदनशील तालिम, मुक्त कमलरीको सशक्तीकरण, बादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण**

- **सामाजिक सुरक्षा** (महिला तथा बालबालिका कार्यालयको सहायता कक्षमा दोभाषेको व्यवस्थाका लागि राष्ट्रिय बहिरा सङ्घअन्तर्गतका जिल्लास्तरका संस्थालाई अनुदान २० जिल्ला, अपाङ्ग परिचय पत्र वितरण)

- **मानव बेचबिखन नियन्त्रण** (गाउँ समितिको बैठक सञ्चालन, मानब बेचबिखन अन्त्यका लागि सामुदायिक परामर्श कार्यशाला तथा कार्ययोजना तर्जुमा, सामुदायिक कार्ययोजनाअनुसारका क्रियाकलाप सञ्चालन, सुरक्षाकर्मी र सार्वजनिक सवारी चालक तथा परिचालकहरूसँगको सहकार्य प्रवर्द्धन कार्यशाला, डान्स बार रेष्टुरेन्टको संयुक्त अनुगमन, सन्देशमूलक सामग्री प्रकाशन, जिल्ला पुनर्स्थापना कोषमा अनुदान, जिल्ला समितिको बैठक, पुनर्स्थापना गृहहरूको निरीक्षण)

- **बाल अधिकारको प्रवर्धन** (जिल्ला तथा गाविसस्तरीय बालसञ्जाल गठन, गाउँ बालसंरक्षण तथा संवर्द्धन समिति गठन, बालसञ्जाल र गाउँ बालसंरक्षण तथा संवर्द्धन समितिका सदस्यहरूको अनुशिक्षण, जिल्ला बाल भेला, विपत्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापन, बालगृहहरूको संयुक्त निरीक्षण, बालविवाहविरुद्धको अभियान, बालअधिकारसम्बन्धी जनचेतनामूलक सन्देश पाटी निर्माण, बालमैत्री गाविस घोषणा, विपन्न शिशु पोषण सहयोग, बालगृह सञ्चालकमाझ चौमासिक अन्तरक्रिया)

- **लैङ्गिक मूलप्रवाहिकरण** (क्षेत्रगत कार्यक्रमको सहभागितात्मक लैङ्गिक लेखाजोखा र संयुक्त कार्ययोजना तर्जुमा, वडास्तरीय लेखाजोखा, पालिकास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, लैङ्गिक सरोकारका विषयगत अध्ययन, पालिका लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशन, जनप्रतिनिधि, कर्मचारी तथा सञ्चारकर्मीलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, सञ्जाल सदस्यमाझ अन्तरक्रिया, मूलप्रवाहीकरण समन्वय समितिको बैठक, लैङ्गिक सम्पर्क-बिन्दुहरूको बैठक, लैङ्गिक सम्पर्क-विन्दु तथा सूचीकृत गैससका पदाधिकारीहरूका लागि मूलप्रवाहीकरण तालिम, संयुक्त स्थलगत अवलोकन, राजनीतिक दललगायतका सरोकारवालाको सहभागितामा समीक्षा बैठक)

- **सूचना, शिक्षा र सञ्चार** (महिला संस्थाको तुलनात्मक विवरणिका, वार्षिक प्रगति प्रतिवेदन, वृत्तचित्र निर्माण, जनचेतनामूलक सन्देश प्रवाह, परिचय पन्ना (Brochure)/चित्र सन्देश (Poster)/चिरकटा (Sticker) प्रकाशन, दिवसीय कार्यक्रम, कार्यक्रमको सार्वजनिक परीक्षण)

- **आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन** (मनोसामाजिक विमर्श केन्द्र स्थापना, लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुनसक्ने शोषणको रोकथामका लागि निगरानी समूह, समितिको परिचालन, महिला संस्था, समिति, समूहहरूको पुनर्जागरण, सामाजिक परिचालिका, महिला संस्थाका पदाधिकारी र व्यवस्थापकहरूको अनुशिक्षण, निगरानी समूह, समितिका सदस्यहरुलाई आपत्कालीन संरक्षण सेवा कार्यगत प्रशिक्षण, संरक्षण विषयगत क्षेत्रको समन्वय बैठक)

- **सामुदायिक रेखदेखमा सङ्कटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा** (महिला संस्थामा रेखदेख केन्द्र स्थापना र सेवा सञ्चालन, बालबालिकाउपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावकीय उद्बोधन (महिला संस्थालाई कार्यक्रम अनुदान)

- **अनुगमन, मूल्याङ्कन**

**साविकमा सञ्चालित महिला विकास कार्यक्रम अन्तर्गतका उपयुक्त कार्यकलापहरू हाल स्थानीय तहमा समायोजन भएको हुँदा अब उप्रान्त स्थानीय तहबाट अझ बढी सघनताका साथ सञ्चालन हुने अपेक्षा गरिएको छ ।**

महिलाहरुको सामाजिक रुपान्तरण र आर्थिक समुन्नतिका लागि तपशिल अनुसारका कार्यकम शसर्त अनुदानमा परेका छन् । ससर्त अनुदानमा नपरेका कार्यक्रम सञ्चालन गर्नु नपर्ने भने होइन । कतिपय अत्यावश्यक कार्यक्रम बजेटको सीमाका कारण छुटेका छन् भने महिला विकासको स्थानीय अवस्थाअनुसार विपन्नतम महिलाकामाझ स्थानीय सरकारको उपस्थिति अनुभूत हुने गरी आर्थिक सशक्तीकरणका व्यापक पार्नुपर्ने पनि छ ।

अतः महिला विकास कार्यक्रमका यावत् सम्भावना हासिल गर्ने गरी सम्पूर्णतामा कार्यक्रम र अन्तर्गतका सम्भाग एवं कार्यकलाप कार्यान्वयन गर्न स्थानीय तहको नेतृत्व, पहल र उल्लेखनीय स्रोत विनियोजनसमेत अति वाञ्छनीय छ । त्यही अपेक्षाका साथ **महिला विकास कार्यक्रमको प्रभावकारी निरन्तरताका लागि सामान्य मार्गदर्शन होस् भनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट यो नमुना निर्देशिका बनाइएको हो ।**

## ६. ससर्त अनुदानमा पठाइएका क्रियाकलापहरु र कार्यान्वय प्रक्रिया

### ६.१ समूह गठन तथा परिचालन

महिला विकास कार्यकममा लक्षित महिलाहरुलाई कमशः समूह, समिति र संस्था ३ तहमा संगठित गरी विभिन्न कार्यकम मार्फत महिला सशक्तिकरण को न्यूनतम स्तर हासिल गरिन्छ । पहिलो खुट्किलाको रुपमा रहेको समूह गठनबाट साथ आवश्यकताको परिपूर्ति, सामाजिक पुँजीको बढोत्तरी, लैङ्गिक छेकबारको निकास, सांगठनिक विकासको इकाई, कार्यकममा पहुंच स्थापनामा सहयोग पुग्छ ।

यस कार्यक्रमअन्तर्गत लक्षित समूह पहिचान गरी आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समूहमा आबद्ध गरी गर्नुपर्दछ । समूह गठन गर्नु अगाडी सहजकर्ताले महिला विकास कार्यक्रमको वारेमा वडा तहमा जानकारी गराई कार्यान्वयनका तौरतरिकाका साथै कार्यक्रम विस्तारको सम्बन्धमा छलफल गरि देहाय बमोजिम काम थाल्नुपर्दछ :

- समूहमा ४ देखि ७ जनासम्मको मन मिल्ने, वय मिल्ने, पायक पर्ने सदस्यहरु लाई समावेश गर्ने
- बहुविपन्न महिला नछुटून् भनेर विशेष ख्याल राख्ने (बहुविपन्न भन्नाले दलित वा संकटापन्न जनजाति समुदायका विपन्न महिला र जुनसुकै समुदायका एकल, अपाङ्गता वा लैङ्गिक हिंसा प्रभावित विपन्न महिला सम्झनुपर्दछ)
- एकाघरवाट एक जनाभन्दा बढी सदस्य एकै समूहमा नगरी छुट्टाछुट्टै समूहमा राख्ने र
- सहजकर्ताले समूह गठन गर्दा जाति, सम्प्रदाय वा वैचारिक आस्था नहेर्ने ।

समूह बनाएर बचत परिचालन एवं बैठक सञ्चालनको कार्य सुचारु गराउनकालागि प्रति समूह रु. ५००। समूह बैठकको रजिष्टर, बचत रजिष्टर आवश्यक मसलन्द खरिद गर्न विनियोजन गरिएको छ । उक्त रकम सोही प्रयोजनमा उपयोग गर्ने गरी समूहका अध्यक्ष र अन्य सदस्यको रहोबरमा सचिवलाई चरपाई गराउन पर्दछ ।

समूह गठन रजिष्टरमा जम्मा भएका सबैको उपस्थिति, बैठकको निर्णयको बेहोरासहित समूहको नम्बर र सदस्यहरुको नामावली खुलाएर लगत खडा गर्नुपर्दछ । त्यस्तै, प्रत्येक समूहका लागि समूह सदस्यहरु मध्येबाट अध्यक्ष र सचिव चुनी निर्णयमा पार्नुपर्दछ ।

साथै अहिले समूह गठन गरिने बस्तीमा साविकमा महिला तथा बालबालिका कार्यालयबाट, कार्यालयको कार्यक्रमअन्तर्गत सामाजिक परिचालिकाबाट वा महिला संस्थाबाट समूह कायमै राखी त्यसपछिको क्रम सङ्ख्या दिएर नयाँ समूह गठन गर्नुपर्दछ । साविकको समूह निस्क्रिय भएर नयाँ बनाउनुपर्ने वा पुनर्गठन गरी नयाँ थालनी गर्नुपर्ने अवस्था भने पृथक् भयो ।

## ६.२ समूह सदस्यको अनुशिक्षण ३ दिने

यस कार्यक्रमले महिलाहरुमा केही गर्छु भन्ने भावना जागृत गराएर आफू र आफूजस्ता अरुको जीवनमा परिवर्तन ल्याउन अग्रसर गराउन मद्दत पुग्दछ । स्वावलम्बनको महत्वबोध गराउन समूहमा आबद्ध नवप्रवेशी ३० जना महिला सदस्यहरुलाई महिला विकास कार्यक्रमको समग्र जानकारीलगायत सदस्यहरुलाई उपयोगी आधारभूत विषयहरु लैगिक विभेद, महिला हिंसा, महिला सशक्तीकरण लगायतका विषयमा न्यूनतम जानकारी दिलाउनका लागि यो अनुशिक्षणको व्यवस्था गरिएको हो । यो कार्यक्रमवाट विपन्न महिलाहरुमा आशा एवं आत्मविश्वास जागृत गराउन सहयोग पुगेको पाइएको छ । समुदायस्तरमा सञ्चालन गर्नुपर्ने यस कार्यक्रमका लागि रु. ३१,०००। वजेट विनियोजन गरिएको छ । नमुनाका लागि अनुशिक्षणको कार्यतालिका अनुसूचिमा राखिएको छ ।

## ६.३. अन्तराष्ट्रिय महिला दिवस

दिगो राष्ट्र विकासका लागि पुरुष सरह महिलाहरुको सक्रिय र अर्थपूर्ण सहभागिता अपरिहार्य छ । महिलाविरुद्ध हुने भेदभाव  र असमान व्यवहारलाई मध्यनजर गरि समानता, न्याय, शान्ति र विकासको लागि महिला सहभागिता प्रारम्भ गरिएको अभियानसंगै महिलाको मानव अधिकार प्रति ऐक्यवद्धता जाहेर गर्ने दिनको सम्झनामा हरेक वर्ष ८ मार्चका दिन विश्वभरी अन्तराष्ट्रिय महिला दिवस मनाइने गरिन्छ । सबै स्थानीय तहका सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज लगायत अन्य सरोकारवाला निकायहरुको साझेदारी, सहयोग तथा समन्वयमा महिला अधिकार तथा महिला हिंसाविरुद्ध व्यापक सचेतना अभिवृद्धि गर्न, सामाजिक जागरणका साथै अन्तरराष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धतालाई कार्यान्वयनमा ल्याउन प्रत्येक स्थानीय तहमा यो कार्यक्रम संचालनका  लागि रु. २०,००० विनियोजन गरिएको छ ।

## ६.४. नेतृत्व तथा सस्थागत विकास तालिम

महिला संस्था र अन्तर्गतका समितिका पदाधिकारी एवं व्यवस्थापन कर्मचारीहरुमा सहकारिताको ज्ञान तथा नेतृत्व क्षमता अभिवृद्धी भई सहकारिताको मर्म अनुसार स्वावलम्बन र पारस्परिकताको अभ्यास तर्फ अग्रसर गराउने, रणनीतिक चिन्तनशीलता बढाउने, नेतृत्व तथा अनुयायित्व विकासको अभ्यासमा मद्दत पुग्ने उद्देश्यका साथ महिला विकास कार्यक्रमदारा प्रवर्द्धित सहकारी सस्था, समितिका नेतृत्व तहका पदाधिकारी तथा व्यवस्थापन र कर्मचारी कम्तीमा २५ जना छनौट गरी तालिम सञ्चालन गर्न रु ५२०००। वजेट विनियोजन गरिएको छ । **तालिम**को कार्यतालिको नमूना अनुसूचिमा राखिएको छ । महिला सहकारी सस्था गठन नभएको स्थानमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुको पूर्वसहकारी अभ्यासको रुपमा गठन भएका महिला समूह, गाउँ समितिका नेतृत्व तहका महिलाहरुलाई सहभागी गराएर तालिम सञ्चालन गर्न सकिनेछ ।

## ६.५ घरेलु हिंसाबाट पीडित तथा प्रभावितहरुका लागि जिल्ला सेवा केन्द्र सञ्चालन

घरेलु हिंसावाट प्रभावित महिलाहरुलाई तत्काल सुरक्षित आवास, सम्मानित वातावरण, संरक्षण, स्वास्थ्य उपचार, कानुनी उपचार र मनोसामाजिक विर्मशको साथै आवश्यक सबै प्रकारका सेवाहरुमा पहुँच बढाउन उचित तवरले पुनर्स्थापन गर्न आ.व. २०६६/६७ देखि महिला सस्थाहरुको समन्वयमा सुरक्षित अल्पकालीन

आश्रयस्थल १७ वटा जिल्लामा सञ्चालनमा रहिआएका छन । हिसाबाट प्रभावितहरुलाई राज्यवाट प्रदान गरिने सबै प्रकारका सेवाहरुमा पहुँचका साथै उचित पुनस्थापन गर्न यस आ.व.मा सेवा केन्द्र सञ्चालनको निरन्तरताका लागि हिमाल, पहाड र तराईका जिल्लामा क्रमश ६ लाख, ७ लाख र ८ लाख वजेट विनियोजन गरिएको छ । सेवा केन्द्र सञ्चालन गर्ने सहकारी सस्था तथा स्थानीय तहको विवरण अनुसूचिमा राखिएको छ । महिला सहकारी सस्था नभएको अवस्थामा सम्बन्धित स्थानीय तहवाटै सञ्चालन गर्न सकिनेछ । सेवा केन्द्र सञ्चालनको नमुना कार्यक्षेत्रगत शर्त अनुसूचिमा राखिएको छ । साबिकमा जिल्लास्तरीय सेवा केन्द्रले जिल्ला भरिका र आसपासका अन्य जिल्लाका प्रभावितलाई पनि सेवा दिइआएको थियो । हालको अवस्थामा जिल्ला सदरमुकामकै स्थानीय तहले यो सेवा दिनु पर्ने हुँदा साबिकबमोजिम जिल्लाभरि र आवश्यक भए आसपासका जिल्लाका पीडितहरुलाई पनि यस्तो सेवा उपलव्ध गराउने गरी सम्बन्धित सबै स्थानीय तहसँग समन्वय गरी संयुक्त कार्ययोजना एवं लागत साझेदारीका आधारमा कार्यक्रमलाई निरन्तरता दिनु वाञ्छनीय देखिएको छ । अतः तत्सम्बन्धी पहलसमेत गरी तत्कालका लागि विनियोजित बजेटमा नपुग रकम आफ्नो स्रोतबाछ जुटाएर सम्बन्धित स्थानीय तहले नै सेवा केन्द्रको सञ्चालन निरन्तरताका लागि जो-चाहिने व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

### ६.६ लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास तालिम

लैगिक हिंसा जटिल समस्याको रुपमा रहेको छ । समाजमा व्याप्त पितृसत्तात्मक सोचका कारण सिर्जित समस्याले महिला तथा बालिकाहरुमाथि हुने विभेद, दुर्व्यवहार, शोषणको अन्त्य स्थानीय एवं राष्ट्रिय चुनौतिको विषय बनेको छ । स्थानीय तहमा गठित न्यायिक समितिले यो मुद्दालाई प्राथमिकतामा राखी न्यायिक निरुपणमा प्रभावकारी भूमिका खेल्न वाञ्छनीय भएको सन्दर्भमा  हिंसा निवारणमा न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि का साथै समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गर्न साबिकमा लैङ्गिक हिंसा निवारणका लागि भएका प्रयास र असल अभ्यासबारे स्थानीय तहका पदाधिकारीहरुलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यसका लागि रु. ५०,०००। बजेट विनियोजन गरिएको छ । तालिमको कार्यतालिकाको नमूना अनुसूचीमा दिइएको छ । उपयुक्त स्रोत व्यक्तिहरुको व्यवस्था गरी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ६.७ संरक्षण विषयगत क्षेत्रका इच्छुक निकायसँगको सहकार्यमा मनोसामाजिक विमर्श केन्द्र स्थापना तथा सञ्चालन

वर्ष २०७२ को भुकम्पपश्चात् महिला, वालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतलाई मनोसामाजिक सहयोगको आवश्यकता देखिएको हुँदा समुदायस्तरमै  प्रभावितको पहिचान गर्न,  स्थानीय स्तरमा  मनोसामाजिक समस्या समाधान सम्बन्धी जानकारी, घटनाको पहिचान, प्रभावितलाइ सेवा प्रवाह, जटिल समस्याको संप्रेषण, सेवा-प्रदायक निकायबीच समन्वय र सहकार्य अभिवृद्धि, प्रभावकारी अनुगमनका लागि सरोकारवाला निकायसँगको समन्वयमा मनोसामाजिक विमर्श केन्द्र सञ्चालन गरिँदै आइएको छ । विपत् वा सामान्य अवस्थामै पनि लैगिक हिंसावाट प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा उपलव्ध गराउन, आवश्यक जनशक्तिको दिगो व्यवस्थापन गराउन समुदायकै महिला दिदी-वहिनीहरुमध्येबाट ६ महिनाको मनोसामाजिक विमर्शकर्ता तालिम प्रदान गरी निजहरुलाई नै सो सेवा सञ्चालनका लागि परिचालन गर्ने गरिएको छ । केन्द्र सञ्चालनको लागि रु १ लाख ६५ हजार विनियोजन गरिएको छ । केन्द्र सञ्चालन गर्ने महिला सस्था तथा स्थानीय तहको विवरण सलग्न गरिएको छ । साथै सो केन्द्र सञ्चालनको कार्यसञ्चालन मार्गदर्शनसमेत नमूनाको लागि छुट्टै राखी पठाइएको छ ।

### ६.८ सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता

विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने, महिलाहरुमा नेतृत्व क्षमता र सीपको विकास गरी स्थानीय विकासका कार्यमा महिलाहरुको सहभागितालाई अभिवृद्धि गर्न महिला सशक्तीकरणका कार्यक्रम कार्यान्वयनमा सहजकर्ताको रुपमा काम गर्ने गरी आ.व. २०५६/५७ देखि महिला जागृति तथा आय आर्जन कार्यक्रमअन्तर्गत सामाजिक परिचालिकाको व्यवस्था गरिएकोमा हाल ६३७ जना कार्यरत रहेका छन् । स्थानीय तहवाटै सामाजिक परिचालिका परिचालन गर्न चालु आ.व. मा स्थानीय स्तरमा कार्यरत परिचालिकाको प्रोत्साहन भत्ता स्वरुप रु ९७०० ले १३ महिनाको वजेट स्थानीय तहमा विनियोजन गरिएको छ । साविकमा गा.वि.स. स्तरको कार्यक्षेत्र तोकि महिला तथा बालबालिका कार्यालयवाट देहाय वमोजिमका कार्य गर्ने गरि सामाजिक परिचालिकाहरुको कार्यक्षेत्रगत सर्त निर्धारण गरिएको थियो :

- स्थानीय स्तरमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समूह, समिति मार्फत महिला विकास कार्यक्रममा आवद्ध गर्ने;
- सदस्यहरुको वचत संकलन, परिचालन, नियमति वैठक आदिमा सहजीकरण गर्ने;
- विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने;
- समूहका सदस्यहरुको सामाजिक परिचालन र चेतना जागरण कार्यक्रम सञ्चालन गर्ने;
- महिलाहरुमा नेतृत्व गर्ने क्षमता र सीपको विकास गरी स्थानीय विकासका कार्यमा उनीहरुको सहभागितालाई अभिवृद्धि गर्ने;
- लैगिक हिंसा न्यूनीकरणका लागि समुदायस्तरमा नियमित अन्तरक्रिया, छलफल तथा अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने र
- आफूले गरेको कामको नियमित प्रतिवेदन, खण्डीकृत तथ्याङ्क पेश गर्ने आदि ।

आगामी दिनमा महिलाको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तीकरण, लैङ्गिक हिंसा न्यूनीकरण, महिलाहरुको नेतृत्व तथा क्षमता विकासका क्षेत्रमा स्थानीय तहको अवस्था तथा आवश्यकताअनुसार सामाजिक परिचालिकाको कार्यक्षेत्रगत सर्तमा परिवर्तन गर्न सकिनेछ ।

### ७. प्रशिक्षण क्रियाकलापको खर्चका मानक

प्रशिक्षण क्रियाकलापमा स्रोत व्यक्ति, खाजा, मसलन्दलगायतका खर्चका सम्बन्धमा अर्थ मन्त्रालयबाट स्वीकृत मानबमोजिम गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

### ८. सान्दर्भिक स्रोत

स्थानीय तहबाट सञ्चालन हुने महिला विकास कार्यक्रम र अन्तर्गतका क्रियाकलापहरुको तर्जुमा एवं कार्यान्वयनका लागि महिला तथा बालबालिका विभागबाट स्थानीय तहका लागि विशेषतः तयार पारिएको महिला विकासका विधिविधा, २०७४ विषयक पुस्तक उपयोगी हुन सक्तछ । त्यस्तै, खास गरी आर्थिक सशक्तीकरणतर्फका व्यावसायिक समूह विकासका एकीकृत कार्यक्रम, लैङ्गिक विकास प्रतिवेदन, लैङ्गिक विश्लेषण, संस्थागत विकास रणनीति-पत्र तर्जुमाजस्ता क्रियाकलापहरुको रचना र कार्यान्वयनका क्रममा साबिकमा अपनाइएका प्रक्रिया, पाठ्यक्रम र खास गरी वित्तिय टेवाको अनुपात, प्रदान गर्ने आधार एवं

सदुपयोगिताका सर्तलगायतको विस्तृत जानकारी महिला विकास कार्यक्रम : सञ्चालन मार्गदर्शन, २०७२ बाट प्राप्त गर्न सकिन्छ। स्थानीय तहबाट थप जानकारी वा सहयोग माग भएमा महिला तथा बालबालिका विभागबाट यथाशक्य प्रदान गर्ने व्यवस्थासमेत मिलाइएको छ।

# अनुसूचीहरू

**अनुसूची १**

## ससर्त अनुदानको रुपमा विनियोजित बजेट

| सि. नं. | कार्यक्रमको विवरण | एकाइ | स्थानीय तहको वार्षिक लक्ष्य | एक स्थानीय तहमा विनियोजित वार्षिक वजेट रु हजारमा | सबै स्थानीय तहमा गरी गएको जम्मा बजेट रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समूह गठन र परिचालन | समूह | १० | ५ | ३७६५ | **७५३ वटै स्थानीय तहमा** |
| २ | समूह सदस्यको अनुशिक्षण ३ दिन | जना | ३०जना | ३१ | २३३४३ | **७५३ वटै स्थानीय तहमा** |
| ३ | अन्तरराष्ट्रिय महिला दिवश | पटक | १ | २० | १५०६० | **७५३ वटै स्थानीय तहमा** |
| ४ | नेतृत्व तथा संस्थागत विकास तालिम | जना | २५ | ५२ | ३९१५६ | **७५३ वटै स्थानीय तहमा** |
| ५ | जिल्ला सेवा केन्द्र | केन्द्र | १ | ६००<br>७००<br>८०० | १२६०० | (पाँचथर, सुनसरी, सोलुखुम्वु, सप्तरी, सर्लाही, रौतहट, काभ्रेपलाञ्चोक, मकवानपुर, तनहुँ, बाग्लुङ्ग, नवलपरासी, प्यूठान, दाङ्ग, बर्दिया, जुम्ला, डोटी, कन्चनपुर) जिल्लाका १७ स्थानीय तह |
| ६ | लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास तालिम | पटक | १ | ५० | ३७६५० | **७५३ वटै स्थानीय तहमा** |
| ७ | संरक्षण विषयगत क्षेत्रका इच्छुक निकाय संगको सहकार्यमा मनोसामाजिक विमर्श केन्द्र स्थापना महिला संस्थालाई कार्यक्रम अनुदान | केन्द्र | १ | १६५ | ५९४० | (दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौ, ललितपुर, भक्तपुर, रसुवा, नुवाकोट, धादिङ, सिन्धुली, ओखलढुंङ्गा, गोरखा, मकवानपुर, तनहुँ, कास्की) जिल्लाका ३६ स्थानीय तहमा मात्र |
| ८ | सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता | जना | | | ८०७७२ | **जम्मा ६३७ जनाको मासिक रु. ९७०० का दरले १३ महिनाको** |

**अनुसूची २**

# तालिम कार्यतालिका

| सत्र / दिन | १०.००-११.०० १ घण्टा | पहिलो ११.००- १२.३० १:३० घण्टा | १५ मिनेट | दोस्रो १२.४५- २.१५ १:३० घण्टा | ३० मिनेट | तेस्रो २.४५- ४.१५ १:३० घण्टा | चौथो ४.१५- ५.०० ४५ मिनेट |
|---|---|---|---|---|---|---|---|
| **समूह सदस्यको अनुशिक्षणको** | | | | | | | |
| पहिलो | शुभारम्भ | महिला विकास कार्यक्रम : उद्देश्य, कार्यान्वयन विधि र भोलिको सोच | चिया | समूह गतिशीलता : समूह के ? किन ? कसरी ? | खाजा | बचत : के ? किन ? कसरी ? | दिनको पाठ सम्झना |
| दोस्रो | अघिल्लो दिनको पाठ सम्झना | लैङ्गिकता (Gender) : लैङ्गिक भूमिका र शब्दावली | | प्रजनन स्वास्थ्य : परिभाषा, नौ भाग र लिङ्ग निर्धारण | | घरेलू हिंसा : के ? कारण र निवारणका उपाय | |
| तेस्रो | | ग्रामीण व्यवसायको परिचय र व्यवसाय छनौट गर्दा ध्यान दिनुपर्ने कुरा (तीन 'अ') | | नेतृत्व, सञ्चार र सञ्चार सीपहरू | | महिला सशक्तीकरणमा समूह सदस्यको अभिकार्य (मैले के गर्न सक्छु ? भन्ने प्रश्नमा समूह कार्य र प्रस्तुतीकरणसमेत) | समापन |
| **नेतृत्व तथा संस्थागत विकास तालिम** | | | | | | | |
| पहिलो | शुभारम्भ | सहकारिता : के ? किन ? कसलाई ? | चिया | सहकारी सिद्धान्तहरू | खाजा | महिला विकास कार्यक्रममा संस्थागत विकासका चरण र महत्व | दिनको पाठ सम्झना |
| दोस्रो | अघिल्लो दिनको पाठ सम्झना | नेतृत्व : परिचय, शैली र संस्थागत विकासमा नेतृत्वको भूमिका | | अनुयायित्व (Followership) को भूमिका : नेतृत्वको चयन, कामको रेखदेख, परामर्श, छर्लङ्गता माग, सहभागिता माग, इत्यादि | | सञ्चार : अर्थ र महिला समुह, समिति, संस्थामा सहभागिता, छर्लङ्गता र विवाद निरूपणमा सञ्चारको महत्व एवं मौजूदा अवस्था विश्लेषण | |

| सत्र / दिन | १०.००-११.०० १ घण्टा | पहिलो ११.००- १२.३० १:३० घण्टा | १५ मिनेट | दोस्रो १२.४५- २.१५ १:३० घण्टा | ३० मिनेट | तेस्रो २.४५- ४.१५ १:३० घण्टा | चौथो ४.१५- ५.०० ४५ मिनेट |
|---|---|---|---|---|---|---|---|
| तेस्रो | | निर्णय कार्य, सहभागितात्मक निर्णय कार्यको महत्व र महिला संस्थामा सहभागितात्मक निर्णय कार्यका विधि | | नेतृत्व विकासका साधक र बाधक तत्वहरू | | महिला संस्थाको सैद्धान्तिक मानचित्र | |
| चौथो | | सञ्चालक विचार : परिकल्पना, ध्येय र मूल्य | | अभिकार्य सूचकाङ्क र सामूहिक अभिकार्य आङ्कलन | | महिला संस्थाको अभिप्राप्ति सूचकाङ्क र गणना | |
| पाँचौ | | महिला संस्थाको रणनीति-पत्र | | रणनीति-पत्र तर्जुमा (समूह कार्य) | | रणनीति-पत्र प्रस्तुतीकरण र सहमति | समापन |
| **महिला कानुनी अधिकार सम्बन्धी (प्रशिक्षण कार्यक्रम) ३ दिने** | | | | | | | |
| पहिलो | शुभारम्भ | महिलाउपर हुने सवै प्रकारका भेदभावउन्मुलन सम्बन्धीमहासन्धी CEDAW का मुख्य प्रावधान | | नेपालको संविधानमा भएका महिला अधिकार सम्बन्धि व्यवस्थाहरु | | लैङ्गिक हिंसा निवारणमा न्यायिक समितीको भूमिका | |
| दोश्रो | अघिल्लो दिनको पाठ सम्झना | घरेलु हिंसा (कसूर र सजायऐन) २०६६ तथा नियमावली २०६७<br>बालबिबाह विरुद्धको रणनीति २०७२ का प्रमुख प्रावधानहरु | चिया | घरेलुहिंसा प्रभावितहरुको लागि सञ्चालितजिल्ला सेवा केन्द्र, सामूदायीकसेवाकेन्द्र र एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन व्यवस्था तथा सम्प्रेषण प्रणाली | खाजा | नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रको भुमिका र स्थानीयतहमा प्रहरीसंगको समन्वय | दिनको पाठ सम्झना |
| | | महिला तथा बालबालिका कार्यालय बाट लैङ्गिक हिंसा निवारणका लागि भएका प्रयासहरु सिकाई र असल अभ्यास | | महिला विकास कार्यक्रमको असल अभ्यासहरुको स्थानीयतहमा अनुशरण | | लैङ्गिक हिंसा निवारणमा स्थानीयतहको भूमिका, सरोकारवाला निकायबीच समन्वय र सहकार्य | |

**अनुसूची ३**

# सेवा केन्द्र सञ्जालको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

## १. भूमिका

**घरेलु हिंसा** सामाजिक चिन्ता बनिरहेको छ । **घरेलु हिंसा**बाट प्रायः महिला नै प्रभावित हुने गरेका छन् । कतिपय **प्रभावित महिला** एक्कासी घरबाट निकालिने गरेको र कहीँ कतै थात-बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ ।

आफन्त भन्दैमा महिलाले प्रताडित हुनुपर्ने स्थिति कदापि हुनुहुँदैन । महिला हिंसाविरुद्ध शून्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले, परिवारका सज्जनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ ।

सँगसँगै **प्रभावित महिला**लाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

## २. उद्देश्य

महिला संस्थाहरूको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोचबाट **प्रभावित महिला**का लागि छिमेकी सहयोग एवं समुदायदेखि सदरमुकामसम्मका यथाशक्य उपचारात्मक सेवाहरू सुलभ गराएर न्याय दिलाउनु सेवा केन्द्र सञ्जालको उद्देश्य हो ।

## ३. कार्यक्षेत्र

**समन्वय समिति**ले अन्यथा तोकेकोमा बाहेक –

(क) नपास्थित सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित नपा हुनेछ;

(ख) गाविसस्थित सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित गाविसका साथै सीमाना जोडिएका छिमेकी गाविसभरि हुनेछ र

(ग) जिल्ला सेवा केन्द्रको कार्यक्षेत्र जिल्लाभित्र सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्रमा परेका गाविस/नपाभरि हुनेछ ।

## ४. कार्यजिम्मेवारी

सञ्जालअन्तर्गत जिल्ला तथा सामुदायिक सेवा केन्द्रहरूको कार्यजिम्मेवारी देहायबमोजिम हुनेछ :

### ४.१ जिल्ला सेवा केन्द्र

जिल्ला सेवा केन्द्र सदरमुकामका जिल्लाभित्र सञ्जालको समन्वय-बिन्दुको रूपमा रहनेछ । जिल्ला सेवा केन्द्रको क्षेत्रमा देहायका कार्यहरू पर्नेछन् :

(क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित **प्रभावित महिला**का लागि स्वीकृत मापदण्डमुताबिकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालीन आश्रय सञ्चालन गर्ने;

(ख) खण्ड (क) बमोजिम आरक्षित महिलाले निजको अवस्थाअनुसार सदरमुकाममै प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरू प्रदान गर्ने :

- लागेको चोटपटकको औषधोपचार;
- मनोसामाजिक विमर्श;
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा;
- कानुन कार्यान्वयन गर्ने निकायहरूसँग सम्पर्क सेवा र
- **समन्वय समिति**ले तोकेका अन्य सेवा;

(ग) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित **प्रभावित महिला**का हकमा पनि भनिएका सेवा दिने;

(घ) सेवाप्राप्त **प्रभावित महिला**लाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुन:स्थापनालगायतमा समुदायस्तरबाट हुनुपर्ने सहजीकरणका लागि सम्प्रेषक सामुदायिक सेवा केन्द्रलाई खबर गरी फिर्ता सम्प्रेषण गर्ने;

(ङ) खण्ड (घ) बमोजिम फिर्ता सम्प्रेषित **प्रभावित महिला**को अवस्था अनुशरण (Follow-up) गर्ने;

(च) सञ्जालका सामुदायिक सेवा केन्द्रहरूसँग निरन्तर सम्पर्क स्थापना, अन्तरक्रिया र समन्वय गर्ने;

(छ) विभिन्न सेवामा **प्रभावित महिला**को पहुँच स्थापना गर्न जिल्लास्तरीय सेवा-प्रदायकमाझ अधिवाचन एवं सञ्जालीकरण गर्ने;

(ज) प्रत्येक महिना सामुदायिक सेवा केन्द्रतर्फको समेत एकत्रित गरी जिल्लाव्यापी भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार पार्ने र

(झ) सञ्जालको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई **समन्वय समिति**ले तोकेका अन्य कार्य गर्ने ।

**४.२ सामुदायिक सेवा केन्द्र**

सञ्जालमा अग्र-पङ्क्तिको सेवा-बिन्दु सामुदायिक केन्द्र हुनेछ । कार्यक्षेत्रमा विशेषत: महिला संस्था तथा अन्तर्गतका **समिति**, समूहसँग सहकार्य गरी सामुदायिक केन्द्रले देहायका सेवा प्रदान गर्नेछ :

(क) परामर्श बैठक, अन्तरक्रिया, दिवसीय समारोहजस्ता माध्यमबाट घरेलु ज्यादतीविरोधी सामाजिक जागरुकता बढाउने;

(ख) **घरेलु हिंसा**को रोकथामका लागि अनि घटना घटिहालेको खण्डमा छिमेकीका नाताले **प्रभावित महिला**को पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने;

(ग) गम्भीर प्रकृतिको घटना भएको वा खण्ड (ख) बमोजिम पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा **प्रभावित महिला**लाई तत्काल संरक्षणमा लिएर आवश्यकताअनुसार राहत, औषधोपचार एवं सुरक्षित अल्पकालीन आश्रयमा बस्ने-खाने व्यवस्था मिलाउने;

(घ) देहायको अवस्थामा **प्रभावित महिला**लाई जिल्ला सेवा केन्द्रमा सम्प्रेषण गर्ने :

- लागेको चोटपटक स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने भएको;
- मनोसामाजिक विमर्श आवश्यक परेको;
- **प्रभावित महिला**ले प्रचलित कानुनबमोजिमको उपचार चाहेको र
- **समन्वय समिति**ले तोकेको अन्य अवस्था भएको ।

(ङ) प्रचलित कानुनबमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटाबारे **प्रभावित महिला**लाई परामर्श दिनुका साथै आवश्यकताअनुसार त्यसमा मद्दत गर्ने;

(च) जिल्ला सेवा केन्द्रबाट फिर्ता सम्प्रेषित **प्रभावित महिला**को अवस्थाअनुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरणलगायतमा यथाशक्य सहजीकरण गर्ने;

(छ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको **प्रभावित महिला**का हकमा **जीविकोपार्जन अनुदान**को रूपमा आर्थिक सहायता दिने;

(ज) जिल्ला सेवा केन्द्रमा सम्प्रेषित **प्रभावित महिला**को निरन्तर सोधीखोजी गरी निजको अवस्थाअनुसार जिल्ला सेवा केन्द्रलाई जो चाहिने सहयोग जुटाउने;

(झ) जिल्ला सेवा केन्द्रले तोकेको ढाँचामा मासिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन गर्ने र

(ञ) सञ्जालको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई **समन्वय समिति**ले तोकेका अन्य कार्य गर्ने ।

**५. सम्प्रेषण**

जिल्ला वा सामुदायिक सेवा केन्द्रको सेवा प्राप्त गर्न **प्रभावित महिला**ले देहायबमोजिम सम्प्रेषकसमक्ष दिएको निवेदनमा सम्प्रेषकको तर्फबाट सिफारिस गरिएको हुनुपर्दछ :

(क) सामुदायिक सेवा केन्द्रका लागि केन्द्रको कार्यक्षेत्रभित्रका महिला संस्था वा अन्तर्गतको **समिति**को तर्फबाट;

(ख) खण्ड (क) मा उल्लिखित **समिति**, संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसँग समन्वयमा कार्य गरेको सामुदायिक संस्था वा अन्तर्गतको **समिति**को तर्फबाट;

(ग) जिल्ला सेवा केन्द्रका लागि सामुदायिक सेवा केन्द्रको निर्देशन **समिति**ले तोकेबमोजिम सो केन्द्रको तर्फबाट र

(घ) जिल्लाभित्र तर सञ्जालको कार्यक्षेत्रबाहिरका **प्रभावित महिला**को हकमा **समन्वय समिति**को विशेष निर्णयको आधारमा कार्यालयको तर्फबाट ।

सम्प्रेषकको तर्फबाट सामुदायिक वा जिल्ला सेवा केन्द्रमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनुपर्दछ र **प्रभावित महिला**सँगै बालबालिका पनि भए उनीहरूको विवरणसमेत खुलाउनुपर्दछ ।

खास गरी सामुदायिक सेवा केन्द्रबाट जिल्ला सेवा केन्द्रमा सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा **प्रभावित महिला**लाई एक्लै पठाउनुहुँदैन; सामान्यतया एकजना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथ लगाएर पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरणसमेत सम्प्रेषण गर्दा खुलाउनुपर्दछ ।

**६. अवधि**

हाल २०७० साउनदेखि २०७१ असारसम्म सेवा सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत भएको छ ।

**प्रभावित महिला**का हकमा त्यस बीच देहायको अवधिसम्म मात्र सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ :

- सामुदायिक सेवा केन्द्रअन्तर्गत १५ दिनसम्म;
- जिल्ला सेवा केन्द्रअन्तर्गत ३० दिनसम्म र
- विशेष अवस्था परी **समन्वय समिति**ले विशेष निर्णय गरेकोमा जिल्ला सेवा केन्द्रअन्तर्गत थप १५ दिनसम्म ।

जिल्ला सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा **प्रभावित महिला**लाई माथि उल्लिखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ । **प्रभावित महिला**को साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म जिल्ला सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।

उपर्युक्तानुसार जिल्ला सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा विताएको दिनजति कटाउन सकिनेछ ।

**७. न्यूनतम मापदण्ड**

**७.१ जिल्ला सेवा केन्द्र**

**(क) परिसर**

आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ :

- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको;
- हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको;
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र
- सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

**(ख) आवास गृह**

आवास गृह देहायका सुविधासम्पन्न हुनुपर्दछ :

- दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरू;
- एकजना भए प्रतिव्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space);
- प्रत्येकका लागि छुट्टाछुट्टै खाट;
- प्रभावित बालबालिकाका लागि अलग्गै कोठा;
- भुइँमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room);
- शौचालय तथा स्नान कक्ष;
- [सुविधा उपलब्ध भएका स्थानमा] साझा टेलिफोन र टेलिभिजन;
- ठाउँ हेरी पङ्खा, हिटर;
- स्रोत हेरी पर्याप्त पानी;
- नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;
- तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र
- सुरक्षाका लागि आवश्यकताअनुसार पालो पहरा ।

**(ग) लुगाफाटो**

भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;
- एक-एक जोर चप्पल र
- नभएकालाई एकसरो लगाउने लुगा ।

**(घ) खानेकुरा**

दैनिक खानेकुराको व्यवस्था निर्देशन **समिति**ले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा;
- दिउँसो खाना;
- अपरान्ह पूर्ण खाजासँगै चिया;
- बेलुकी खाना;
- मांसाहारीका लागि सातामा दुईपल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

**(ङ) स्वास्थ्योपचार**

**समन्वय समिति**ले तोकेको अस्पतालमा संरक्षणमा लिइएका **प्रभावित महिला**को स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

- प्राथमिक उपचार बाकस;

- समस्या हेरी नियमित उपचार;
- आकस्मिक उपचार र
- बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप ।

**(च) मनोसामाजिक विमर्श**

**समन्वय समिति**ले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counsellor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**(छ) कानुनी सेवा**

देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- **प्रभावित महिला**ले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र
- **प्रभावित महिला**ले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**(ज) सञ्चालन**

केन्द्रका सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

- **प्रभावित महिला**लाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;
- **प्रभावित महिला**को पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छाविपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, सफाइकर्मीलगायतका अत्यावश्यक व्यक्तिबाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र
- निर्देशन **समिति**ले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।

**(झ) जनशक्ति**

केन्द्रमा महिलालाई प्राथमिकता दिई देहायबमोजिमको पूरै प्रशिक्षित जनशक्ति हुनुपर्दछ :

- केन्द्र प्रमुख एकजना, चौकीदार एकजना र [आंशिक समय] सरसफाइकर्मी आवश्यकताअनुसार र
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलब्ध हुने गरी सम्पर्कमा ।

**(ञ) अभिलेख**

केन्द्रले देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

- **प्रभावित महिला**को नाम दर्ता किताप;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताप;
- **प्रभावित महिला**को व्यक्तिगत गोप्य फाइल;
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;
- निर्देशन **समिति**को निर्णय किताप;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र
- **समन्वय समिति**ले तोकेको अन्य अभिलेख ।

**७.२ सामुदायिक सेवा केन्द्र**

समुदायस्तरमा सुरक्षित अल्पकालीन आश्रयलगायत केन्द्रबाट प्रदान गरिने सेवाका सम्बन्धमा **प्रभावित महिला**को अधिकतम हित हेरी उपलब्ध स्रोत तथा यो कार्यक्षेत्रगत शर्तमा अन्यत्र लेखिएका कुरासमेतको विचार गरी सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले स्वीकृत गरेको मापदण्ड पालना गर्नुपर्दछ ।

अभिलेखका हकमा भने जिल्ला सेवा केन्द्रतर्फ माथि ७.१(त्र) मा उल्लेख गरिएबमोजिम नै राख्नुपर्दछ ।

**८. खर्चका मानक**

**८.१ जिल्ला सेवा केन्द्र**

जिल्ला सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहायबमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

**(क) घर भाडा** : केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडाबापत साधारणतया वार्षिक हिमाली वा पहाडी जिल्लामा रु. १ लाख ५० हजार र तराईका जिल्लामा रु. २ लाख ननाघ्ने गरी **समन्वय समिति**ले घर हेरी स्वीकृत गरेको रकम;

**(ख) मालसामान** : दच्छेना, पर्दा, खाट, विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापातालगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामानमध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमतासमेतको विचार गरी साधारणतया रु. ५० हजार ननाघ्ने गरी **समन्वय समिति**ले औचित्यका आधारमा स्वीकृत गरेको रकम;

**(ग) औषधोपचार** : **समन्वय समिति**ले तोकेको अस्पतालमा उपचार गराउँदा [बिरामी तथा कुरुवासमेतको जोडेर] निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. २,००० सम्म;
- अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३०० गरी जम्मा रु. ६,५०० सम्म;
- विशेष अवस्थामा **समन्वय समिति**ले विशेष निर्णय गरेकोमा थप रु. ४,००० सम्म;

**(घ) कानुनी उपचार** : एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत [साथीसमेतको जोडेर] निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०० सम्म;
- विशेष अवस्थामा **समन्वय समिति**ले विशेष निर्णय गरेकोमा थप रु. २,५०० सम्म;

**(ङ) फुटकर** : अल्पकालीन आश्रयमा रहेको दिनजति **प्रभावित महिला**लाई मात्र फुटकर खर्चबापत प्रतिव्यक्ति दैनिक रु. १५;

**(च) फिर्ता सम्प्रेषण** : फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. ५० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ३००;

**(छ) खानेकुरा** : अल्पकालीन आश्रयमा रहेको अवधिभरि **प्रभावित महिला** र साथीसमेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु. ३००;

**(ज) मनोसामायिक विमर्श** : **प्रभावित महिला**लाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. १,००० सम्म;

(झ) **व्यवस्थापन खर्च** : जनशक्ति, प्रतिवेदन, सञ्जालीकरण, समीक्षा र केन्द्रका गतिविधिसमेतको खर्चबापत आव २०७०।७१ का लागि रु. २ लाख ३५ हजार ननाघ्ने गरी पुष्ट्याइँका आधारमा औचित्यसमेत हेरी **समन्वय समिति**ले स्वीकृत गरेको एकमुष्ट रकम र

(ञ) **बैठक खर्च** : निर्देशन **समिति**को बैठक सञ्चालन खर्चबापत अधिकतम रु. ३६,००० ।

**८.२ सामुदायिक सेवा केन्द्र**

सामुदायिक सेवा केन्द्रबाट देहायको प्रयोजनमा देहायबमोजिमको खर्चको सीमाभित्र रहेर सेवा प्रदान गर्नुपर्दछ :

(क) **प्राथमिक औषधोपचार** : **प्रभावित महिला**लाई लागेको चोटपटकको तत्काल प्राथमिक उपचार गर्न प्रतिव्यक्ति रु. १,००० सम्म लागेको यथार्थ खर्च;

(ख) **लुगाफाटो** : **प्रभावित महिला**को कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोले लुगलुग काम्ने अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने धोती, चोलो, चप्पल-जुत्ता, पछ्यौरा, स्वीटर, ओडनालगायतका लुगाफाटो किन्न प्रतिव्यक्ति रु. १,५०० सम्म;

(ग) **खानेकुरा** : संरक्षणमा रहेको अवधिभरि प्रतिव्यक्ति प्रतिदिन दैनिक रु. ३०० सम्म;

(घ) **सम्प्रेषण** : जिल्ला सेवा केन्द्रतर्फ माथि ८.१(च) मा उल्लिखित सीमासम्म;

(ङ) **जीविकोपार्जन अनुदान** : माथि ४.२(छ) मा उल्लिखित अवस्थामा **जीविकोपार्जन अनुदान**बापत प्रतिपरिवार रु. १५ हजार ननाघ्ने गरी सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले उपलब्ध स्रोतसमेतको विचार गरी स्वीकृत गरेको रकमसम्म र

(च) **व्यवस्थापन खर्च** : सुरक्षित अल्पकालीन आश्रयको सुविधाका साथै केन्द्रका सेवाहरूको व्यवस्थापन खर्चतर्फ साधारणतया उपलब्ध स्रोतको २० प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले औचित्यसमेत हेरी स्वीकृत गरेको रकमसम्म ।

**९. भुक्तानी**

**९.१ जिल्ला सेवा केन्द्र**

जिल्ला सेवा केन्द्रको खर्च संझौता भएपछि निर्देशन **समिति**ले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम भुक्तानी गरिनेछ :

(क) माथि ८.१(ख) मा उल्लिखित खप्ने मालसामान बापतको रकम सुरु मा एकैमुष्ट;

(ख) माथि ८.१ (क) मा उल्लिखित घरभाडाबापतको रकम मासिक र ८.१ (ञ) मा उल्लिखित बैठक सञ्चालन खर्चबापतको रकम चौमासिक किस्तामा;

(ग) माथि ८.१(झ) मा उल्लिखित व्यवस्थापन खर्चबापतको रकम मासिक किस्तामा;

(घ) सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरको रकम सुरु मै र

(ङ) **प्रभावित महिला**लाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि पेस गरेको प्रगति र खर्चको फाँटबारी तथा सोको पुष्टि गर्ने कागजातका आधारमा शोधभर्नास्वरूप ।

**९.२ सामुदायिक सेवा केन्द्र**

सामुदायिक सेवा केन्द्रको प्रयोजनका लागि **समन्वय समिति**ले तोकेको रकम सम्बन्धित केन्द्रको निर्देशन **समिति**ले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम भुक्तानी गरिनेछ :

(क) जम्मा रकमको ५० प्रतिशतसम्म पहिलो किस्तामा सुरु मै र

(ख) पहिलो किस्तामा प्रदत्त रकमको कम्तीमा ५० प्रतिशत खर्चको फाँटबारी तथा सोको पुष्टि गर्ने कागजातका साथै पेस गरेको प्रगतिका आधारमा दोस्रो किस्तामा बाँकी पूरै रकम ।

**१०. निर्देशन समिति**

**१०.१ जिल्ला सेवा केन्द्र**

जिल्ला सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा-प्रदायकमाझ सहकार्यलाई बढावा दिन समेत **समन्वय समिति**बाट देहायबमोजिमको एक निर्देशन **समिति** गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | प्रमुख महिला विकास अधिकृत/ महिला विकास अधिकृत | – संयोजक |
| (ख) | जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास **समिति**, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला शिक्षा कार्यालयका अधिकृत प्रतिनिधि | – सदस्य |
| (ग) | महिला अधिकारकर्मी, नेपाल बार एसोसिएसन, लैङ्गिक हिंसाविरुद्ध कार्यरत गैससबाट **समन्वय समिति**ले मनोनयन गरेका तीनजना | – सदस्य |
| (घ) | सामुदायिक सेवा केन्द्र सञ्चालक महिला संस्थाका तर्फबाट एक वा दुईजना अध्यक्ष | – सदस्य |
| (ङ) | जिल्ला सेवा केन्द्र सञ्चालक महिला संस्थाका अध्यक्ष | – सदस्य-सचिव |

**अनुसूची ४**

**महिला संस्था र कार्यालयबीच गर्ने सम्झौताको ढाँचा**

**जिल्ला सेवा केन्द्र सञ्चालन गर्ने, गराउने सम्बन्धमा महिला तथा बालबालिका** कार्यालय, **... ... ... र ... ... ... ... ... ..., ... ... बीचको**

**सम्झौता-पत्र**

नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालय, ... ... ... ... ... (यसपछि 'कार्यालय' भनिएको) र ... ... ... ... .. ... ..., ... ... ... (यसपछि 'संस्था' भनिएको) का बीच लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरण जिल्ला समन्वय **समिति**, ... ... ... (यसपछि 'समन्वय **समिति**' भनिएको) को रेखदेख, मार्गदर्शनमा घरेलु हिंसाबाट प्रभावित महिलाका लागि महिला संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित ... ... ... मा जिल्ला सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने, गराउने सम्बन्धमा तपसिलका शर्तहरू एक-आपसमा पालना गर्ने गरी यो सम्झौता-पत्रको दुईप्रतिमा सहीछाप गरी एक-एकप्रति बुझी लियौंदियौं :

तपसिल

१. संस्थाले समन्वय **समिति**बाट तय भएबमोजिम ... ... ... मा ... शैयाको सुरक्षित अल्पकालीन आश्रयको सुविधासमेत घरेलु हिंसाबाट प्रभावित महिलाको तत्काल संरक्षण, राहत एवं न्यायमा पहुँचका लागि आवश्यक सहयोग गर्न र समुदायस्तरका सेवा केन्द्रहरूसँग समन्वय गरी सामाजिक जागरण, पारिवारिक पुनर्मिलन एवं पुन:स्थापनाका कार्यहरूमा सहजीकरण गर्न जिल्लास्तरीय सेवा केन्द्र सञ्चालन गर्नेछ;

२. बुँदा (१) मा उल्लिखित कार्यका सिलसिलामा प्रभावित महिलाले प्राप्त गर्नुपर्ने सेवाका न्यूनतम मापदण्ड, खर्चका मानक (Norms) एवं संस्थाको उत्तरदायित्वलगायतका अन्य कुरा अनुसूचीमा दिइएको कार्यक्षेत्रगत शर्त (Terms of Reference) बमोजिम हुनेछ, जुन यो सम्झौता-पत्रको अभिन्न अङ्ग मानिनेछ;

३. बुँदा (१) मा उल्लिखित सबै प्रकारका सेवाहरू प्रभावित महिलाका हकमा नि:शुल्क हुनेछन्;

४. बुँदा (१) मा उल्लिखित कार्यहरू सम्पादन गर्दा संस्थाले प्रभावित महिलाको अधिकारको उच्चतम सम्मान गर्नेछ तथा बुँदा (२) मा उल्लिखित कार्यक्षेत्रगत शर्तमा निर्धारित गृह परिसरको सुरक्षालागतका न्युनतम मापदण्डहरूको पूर्ण पालना सुनिश्चित गर्न आवश्यक प्रक्रियाहरूको स्थापना, कर्मचारी, कामदारको प्रशिक्षण, आचारसंहिताको निर्धारण, आन्तरिक सुपरीवेक्षण र गुनासो सुनुवाइको समुचित व्यवस्था मिलाउनेछ;

५. संस्थाले २०७१ असार मसान्तसम्म अविच्छिन्न रूपमा बुँदा (१) मा उल्लिखित सेवाहरू सञ्चालन गर्नेछ;

६. बुँदा (५) मा उल्लिखित अवधिसम्म बुँदा (१) मा उल्लिखित सेवाहरू सञ्चालन गर्न कार्यालयले संस्थालाई निर्देशन **समिति**ले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम कार्यक्रम अनुदान प्रदान गर्नेछ :

(क) खप्ने मालसामानबापतको रु. ... ... सुरु मा एकैमुष्ट;

(ख) घर भाडाबापतको जम्मा रु. ... ... मा महिनाबारी रु. ...... का दरले महिना व्यतीत भएपछि;

(ग) व्यवस्थापन खर्चबापतको जम्मा रु. ... ... मा महिनाबारी रु. ...... का दरले महिनाको सुरु मै;

(घ) निर्देशन **समिति**को बैठक सञ्चालन खर्चबापतको जम्मा रु. ... ... मा चौमासिक रु. ... ... का दरले चौमासिकभित्र;

(ङ) सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरीको रकम सुरु मै र

(च) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि शोधभर्नास्वरूप ।

७. बुँदा (६) को खण्ड (च) बमोजिम शोधभर्ना माग गर्दा संस्थाले समन्वय **समिति**बाट तय भएबमोजिम कार्यालयले तोकेको ढाँचामा मासिक प्रगति, खर्चको फाँटबारी र सम्प्रेषण, संरक्षण एवं फिर्ता सम्प्रेषणको मिति, अवधि, स्थान खुलेको सम्बन्धित प्रभावित महिलाको हस्ताक्षरसहितको नामावलीलगायतका खर्च पुष्टि गर्ने कागजातको नक्कल पेस गर्नुपर्नेछ;

८. बुँदा (६) को खण्ड (ङ) बमोजिम सेवा सञ्चालनको प्रयोजनार्थ संस्थालाई प्रदत्त रकम संस्थालाई प्रदान गर्नुपर्ने अन्तिम महिनाको व्यवस्थापन खर्चबापतको रकमबाट कट्टा गरी फछ्र्यौट गरिनेछ;
९. संस्थाले सम्प्रेषणको क्रममा वा संरक्षणमा रहुञ्जेल समन्वय **समिति**ले तय गरेबमोजिम कार्यालयले तोकेको प्रकृतिको स्वास्थ्योपचार गराउनुपर्ने प्रभावित महिलाको हकमा त्यसै गरी तोकिएको अस्पताल वा स्वास्थ्य केन्द्रबाट सोको समुचित व्यवस्था गर्नेछ;
१०. संस्थाले यो सम्झौता-पत्रबमोजिम कार्य सम्पादन गर्दा आर्थिक कारोबार एवं त्यस्तो कारोबार पुष्ट गर्ने कागजातका साथै सम्बन्धित प्रभावित महिलाको नाम दर्ता कितापलगायत प्रदत्त सेवाहरूको सम्पुर्ण विवरण खुल्ने गरी ठीक, दुरुस्त एवं पारदर्शी अभिलेख राख्नेछ तथा समन्वय **समिति** वा कार्यालयले मागेका बखत उपलब्ध गराउनेछ;
११. बुँदा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सम्बन्धित प्रभावित महिलाको व्यक्तिगत एवं संवेदनशील विवरणको गोपनीयता कायम राख्नेछ;
१२. समन्वय **समिति** वा कार्यालयले यो सम्झौता-पत्रबमोजिम संस्थाले सम्पादन गरेका कार्यहरूको सम्बन्धमा यथार्थ स्थिति बुझ्न जुनसुकै बेला जिल्ला सेवा केन्द्र तथा अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रय परिसरलगायतको स्थलगत निरीक्षण गरी अभिलेख, कागजात हेर्न एवं सम्बन्धित प्रभावित महिलाको प्रतिक्रिया बुझ्न तथा सुधार गर्नुपर्ने कुरामा सुधार गर्न सुझाउ दिन सक्नेछ;
१३. यो सम्झौता-पत्रको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बुँदा (७) बमोजिम पेस गर्नुपर्ने विवरण वा कागजात पेस नगरेको वा झुठो विवरण वा कागजात पेस गरेको वा बुँदा (१२) बमोजिम स्थलगत निरीक्षण गर्दा यो सम्झौता-पत्रबमोजिम पालना गर्नुपर्ने शर्तहरू पालना नगरेको देखिएको वा दिइएको मुनासिब सुझाउको कार्यान्वयन नगरेको खण्डमा कार्यालयले संस्थालाई दिनुपर्ने शोधभर्ना वा अन्य कुनै रकम तत्काल रोक्का राखी समन्वय **समिति**को निर्णयानुसार त्यस्तो शर्त पालना गरेपछि मात्र दिन वा नदिन सक्नेछ;
१४. यो सम्झौता-पत्र ... ... असार मसान्तसम्म मान्य हुनेछ;
१५. बुँदा (१४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समन्वय **समिति**को तर्फबाट सम्पन्न छानवीनपछि संस्थाले बुँदा (२) मा उल्लिखित कार्यक्षेत्रगत शर्तको गम्भीर उल्लङ्घन गरेको पाइएमा समन्वय **समिति**को निर्णयले कार्यालयले कुनै पनि बेला यो सम्झौता-पत्र रद्द गर्न सक्नेछ;
१६. यो सम्झौता-पत्रको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आवश्यकताअनुसार समन्वय **समिति**को संयोजनमा दुवै पक्षको आपसी सहमतिबाट त्यस्तो विवादको निरूपण गरिनेछ र
१७. बुँदा (१६) बमोजिम विवादको निरूपण हुन नसकेमा प्रचलित कानुनबमोजिम हुनेछ ।

इति सम्बत् ... ... साल ... ... ... महिना ... गते रोज ... शुभम् ।

| <u>**संस्थाको तर्फबाट**</u> | <u>कार्यालय**को तर्फबाट**</u> |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम, थर : | नाम, थर : |
| पद : | पद : |
| <u>**साक्षी**</u> | |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |

**अनुसूची ५**

**जिल्ला सेवा केन्द्र सम्बन्धी विवरण**

| **सि.नं.** | **जिल्ला** | **स्थानीय तह** | **साविकमा सेवा केन्द्र सञ्चालन गर्ने संस्था** |
|---|---|---|---|
| १ | पाँचथर, | फिदिम नपा | |
| २ | सुनसरी, | इनरुवा नपा | |
| ३ | सोलुखुम्वु, | सोलुदुधकुण्ड नपा | |
| ४ | सप्तरी, | राजविराज नपा | |
| ५ | सर्लाही, | मलंगवा नपा | |
| ६ | रौतहट, | गौर नपा | |
| ७ | काभ्रेपलाञ्चोक, | धुलिखेल नपा | |
| ८ | मकवानपुर, | हेटौडा नपा | |
| ९ | तनहुँ, | ब्यास नपा | |
| १० | बाग्लुङ्ग, | बाग्लुङ्ग नपा | |
| ११ | नवलपरासी, | रामग्राम नपा | |
| १२ | प्यूठान, | मल्लरानी गापा | |
| १३ | दाङ्ग, | घोराही उपमहानगरपालिका | |
| १४ | बर्दिया, | गुलरिया नपा | |
| १५ | जुम्ला, | चन्दननाथ नपा | |
| १६ | डोटी, | दिपायल सिलगढी नपा | |
| १७ | कन्चनपुर | भिमदत्त नपा | |

**अनुसूची ६**

संरक्षण विषयगत क्षेत्रका इच्छुक निकाय संगको सहकार्यमा मनोसामाजिक विमर्श केन्द्र विवरण

| **जिल्ला** | **संस्थाको नाम/स्थानीय तह** |
|---|---|
| दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौ, ललितपुर, भक्तपुर, रसुवा, नुवाकोट, धादिङ, | श्री स्वच्छ महिला बचत तथा ऋृण सहकारी संस्था लि. चरिकोट, भिमेश्वर नगरपालीका<br>श्री मिलिजूली महिला विकास बचत तथा ऋृण सहकारी संस्था लि. ७ सूनखानी<br>श्री महिला जागृति बचत तथा ऋृण सहकारी संस्था लि. रामेछाप नगरपालीका<br>श्री आमा र महिला बचत तथा ऋृण सहकारी संस्था लि. मन्थली नगरपालीका, |

| | |
|---|---|
| सिन्धुली,<br>ओखलढुंङ्गा,<br>गोरखा,<br>मकवानपुर,<br>तनहुँ, कास्की | श्री समाजसेवा महिला बचत तथा ऋण सहकारी संस्था लि. रामेछाप नगरपालीका,<br>श्री उकाली महिला बचत तथा ऋण सहकारी संस्था लि., दोरम्भा गाउपालीका,<br>श्री पूराना गााउ बचत तथा ऋण सहकारी संस्था लि., मन्थली नगरपालीका<br>श्री कमलको फूल महिला बहूउद्देश्य सहकारी संस्था लि. सांगाचोक, चौतारा सांगाचोक गढी नगरपालीका<br>श्री इन्द्रावती महिला विकास बचत था ऋण सहकारी संस्था लि., मेलम्ची नगरपालीका<br>श्री टोप्का महिला विकास बचत तथा ऋण सहकारी संस्था लि., बलेफी गाउपालीका<br>श्री गौरी संकर ग्रामीण महिला विकास बहूउद्देश्य सहकारी संस्था लि. पनौती, पनौती नगरपालीका<br>श्री पञ्चकन्या महिला विकास बचत तथा ऋण सहकारी संस्था लि.,मदन देवपूर नगरपालीका<br>भिमसेन महिला विकास समीति शाखू, संकरापूर नगरपालीका<br>न्यु मनकामना बचत तथा ऋण सहकारी संस्था लि. संस्था, चन्द्रागिरी नगरपालीका<br>नारायणी महिला कृषि सहकारी संस्था लि., बाग्मती ग्रामीण नगरपालीका<br>श्री मोती विनायक महिला जागरण सहकारी संस्था, ललितपूर महानगरपालीका<br>श्री शान्ति भैरव महिला विकास बहूउद्देश्य सहकारी संस्था, सुयविनायक नगरपालीका<br>श्री वासूकी महिला विकास बहूउद्देश्यीय सहकारी संस्था लि. सुयविनायक नगरपालीका<br>श्री लालिगरास महिला बचत तथा ऋण सहकारी सं कालिका गाउपालीका<br>स्याफ्रूबेसी महिला बचत तथा ऋण सहकारी संस्था लि. गोसाई कून्ड गाउपालीका<br>श्री कलिकामाई महिला बचत तथा ऋण सहकारी संस्था, उत्तरगया गाउपालीका<br>श्री हल्दीकालिका महिला विकास बहूद्देश्यीय सहकरी संस्था लि, सुयगडी गाउपालीका<br>श्री हिमचूली महिला बहूउद्देश्य सहकारी संस्था लि., बिदूर नगरपालीका<br>श्री दूप्चेश्वरी महिला बहूउद्देश्य सहकारी संस्था लि., लीखू गाउपालीका<br>श्री मण्डली महिला विकास वहूउद्देश्य सहकारी संस्था लि. नीलकण्ठ न.पा. ८ मूरलीभञ्ज्यागं, निकण्ठ नगरपालिका<br>श्री कालिदेवी महिला बहूउद्देश्य सहकारी संस्था लि., धूनिवेशी नगरपालीका<br>श्री प्रगतिशील महिला विकास कृषि सहकारी संस्था लि., कमलामाई नगरपालीका |

| | |
|---|---|
| | श्री ज्याति महिला बचत तथा ऋण सहकारी संस्था लि., गोलन्जोर गाउपालीका<br>प्रगतिशिल महिला बचत तथा ऋण सहकारी संस्था लि., मोगूङ्ग गाउपालीका,<br>श्री सिद्धचरण महिला बचत तथा ऋण सहकारी संस्था लि., सिद्धचरण नगरपालीका<br>श्री गण्डकी बचत तथा ऋण सहकारी संस्था लि. विरेनचोक, गोरखा नगरपालीका<br>श्री पसूपति महिला बचत तथा ऋण सहकारी संस्था लि., गोरखा नगरपालीका<br>श्री धनेश्वरी महादेव महिला जागृति बचत तथा ऋण सहकारी संस्था लि., मनहरी ग्रामीण नगरपालीका<br>श्री लालिगरास महिला बहूउद्देश्य सहकारी संस्था लि., थाहा नगरपालीका<br>कोशिस नेपालसंगको सहकार्य, व्यास नगरपालीका<br>श्री मादीगंगा महिला विकास बहूउद्देश्य सहकारी संस्था लि., व्यास नगरपालीका<br>श्री ज्योति महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. पोखरा उपमहानगरपालीका, |